# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २०७ | बुटवल | २०८२ साउन ०७ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday July. 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# संघले रोकेको रूट दस्तुर लुम्बिनीले उठाउँदै



**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवाको बेलहिया नाकामा संघीय सरकारले नलिने भनिएको शुल्क प्रदेश सरकारले उठाउँदै आएको छ। संघीय सरकारले रुट दस्तुर वा अन्य कुनै शुल्क नलिने भने पनि लुम्बिनी प्रदेश सरकाले रुट दस्तुरको नाममा भन्सार विन्दुमै पर्यटकहरुबाट दस्तुर लिने गरेको हो।

नेपाल सरकारको बजेट वक्तव्यमा व्यापार सहजीकरण तथा सेवा प्रवाहमा सुधार ल्याउन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र उपकरणमा भन्सार विन्दुमा महशुल संकलन गरेपश्चात् नेपालभित्र यात्रा गर्दा संघ, प्रदेश वा स्थानीय तहबाट प्रवेश शुल्क, रुट दस्तुर वा अन्य कुनै महशुल असुल उपर गर्न नपाइने व्यवस्था गरे पनि लुम्बिनी प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले यातायात व्यवस्था सेवा कार्यालय भैरहवामार्फत् नेपाल आउने सवारी लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो(रुट) दस्तुर, सडक सवारी यातायात तथा परिवहन ऐन २०७६ को दफा ११ सँग सम्बन्धित रही उठाउँदै आएको छ। विदेशमा दर्ता भएका मालवाहक बाहेकका सवारी साधान लुम्बिनी प्रदेशमा प्रवेश गरेपश्चात् रुट दस्तुर लिने गरिएको छ।

लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन २०७६ को दफा ११ मा ढुवानी तथा यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार निस्सासहित अनुमति मागेमा कार्यालय प्रमुखले तोकिएको दस्तुर लिई एक सवारीलाई एक पटकमा सात दिनमा नबढ्ने गरी एक आर्थिक वर्षमा बढीमा तीस दिनसम्मको लागि त्यस्तो सवारी नेपालभित्र चलाउने अनुमति दिन सक्नेछ भनी उल्लेख छ।

सेवा कार्यालयले भैरहवा भन्सार कार्यालय अगाडि बेलहियामा रहेको एकिकृत जाँच चौकीबाट नेपालमा भन्सार गराइ आउने प्रत्येक भारतीय मोटरसाइकल र स्कुटरको २००, साना सवारी साधन जीप कारको ३००, मझौला सवारी साधनको ७०० र ठूला सवारी साधनको १००० लिने गरेको छ।

सेवा कार्यालयका निमित्त प्रमुख नरबहादुर अर्यालका अनुसार प्रदेश सरकारबाट जारी भएको प्रदेश आर्थिक ऐनमा समावेश गरिएकोले सोही बमोजिम अस्थायी बाटो इजाजत पत्र पटके सेवा शुल्क लिंदै आएको बताए। 'हामी त कर्मचारी हो ऐन अनुसारको पालना गर्नु गराउनु हाम्रो दायित्व रहेको बताउँदै यो विषय संघ र प्रदेशसँग बाँझिएको छ।'-उनले भने।

उनका अनुसार आर्थिक वर्ष २०८१-८२ मा यो सेवा वापत ६२ हजार ९ सय ६८ वटा सवारी साधनलाई पटके सेवा दिई १२ करोड ८५ लाख राजस्व संकलन भएको हो। अघिल्लो आर्थिक वर्षमा साना सवारी साधान जी कार भ्यानमा ५ सय रहेकोमा यस आर्थिक वर्षदेखि ३ सय कायम गरिएको छ।

'हामीहरु विगतबाट नै यो पटके सेवा हटाउनु पर्छ भन्दै आवाज उठाउँदै आएको र संघीय सरकारलाई हटाउन दबाब दिएकोले यस वर्षको बजेटमा संघ, प्रदेश र स्थानीयले नलिने गरी बजेटमा आएको छ,'-सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले भने - 'निजी क्षेत्र यो उठाउनु हुँदैन भन्नेमा अडिग रहेको बताउँदै हाम्रो स्पष्ट धारण पर्यटकहरुबाट यस्तो कर लिनु हुँदैन भन्ने छ, प्रदेश सरकारले अटेरी गरेर उठाउन लागेमा हामी आन्दोलन गर्न पनि तयार रहेका छौं।'

नेपालकै दोस्रो ठुलो भन्सार नाका बेलहियामा संघ सरकारको निर्णय नमान्नेलगायतका कार्यहरु निरन्तर हुँदै जाँदा यसबाट निजी क्षेत्र मारमा पर्ने गरेका छन् भने पर्यटक तथा यात्रुलाई पनि सास्ती हुँदै आएको छ। संघ सरकारले खारेज गरेको विषय बेलहीया नाकामा मात्रै लागु हुनु सकारात्मक विषय नभएको यहाँका निजी क्षेत्र बताउँछन्।

## भैरहवा भन्सारको राजस्व संकलन १४ अर्बले बढ्यो



भैरहवा। मुलुककै दोस्रो ठूलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले ४ वर्षदेखि राजस्व लक्ष्य पार गर्न सकेको छैन। वर्षेनी बढ्दो लक्ष्य र केही नीतिगत कारणले ४ वर्षको अवधि मा एक महिनामा मात्रै राजस्व संकलन लक्ष्य पार भएको छ। २०७८ पुस ५ गतेबाट लागु भएको अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमी हुँदै आएको हालसम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न सकेको छैन।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/०८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९५ अर्ब १९ करोड ३८ लाख ९९ हजार रुपैयाँ अर्थात् ८७ दशमलव ०७ प्रतिशत राजस्व संकलन गरेको हो। अघिल्लो आर्थिक वर्ष २०८०/८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा आर्थिक वर्ष २०८०-८१ मा ८० अर्ब ७२ करोड रुपैयाँ अर्थात् ६३ दशमलव २४ प्रतिशत राजस्व संकलन गरेको थियो। बेलहिया नाका हुँदै हुने आयात खुम्चिँदा भन्सारले राजस्व संकलन लक्ष्य भेट्टाउन नसकेको हो। राजस्व लक्ष्य पुरा नभए पनि अघिल्लो वर्षभन्दा १४ अर्ब ३५ करोड अर्थात् १७ दशमलव ७५ प्रतिशत बढी राजस्व संकलन गरेको छ। अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा असुलीमा सुधार भएको देखिएको छ। भैरहवा भन्सार कार्यालयले तथ्यांक अनुसार आर्थिक वर्ष २०८१-०८२ मा २ खर्ब ६३ अर्ब ८२ करोड मूल्यका विभिन्न सामान आयात हुँदा २० अर्ब ९२ करोडको निर्यात भएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा ५२ दशमलव ९९ प्रतिशत निर्यातमा वृद्धि हुँदा व्यापार घाटा कम भएको छ।

भन्सार कार्यालयको तथ्याङ्क अनुसार २०७७/७८ पछि लक्ष्य अनुसारको राजश्व संकलन हुन सकेको छैन। वर्षेनी बजेटको आकार बढेकोले स्रोतको सुनिश्चितताका लागि भन्सारको लक्ष्य पनि बढ्ने गरेको छ। तर लक्ष्य थपिए पनि सो अनुसारको राजस्व संकलन भने हुन पाएको छैन।

» बाँकी ३ पेजमा

## बीपीको स्मृतिमा वृक्षरोपण तथा शालिकमा माल्यार्पण



बुटवल। नेपाली कांग्रेसका संस्थापक नेता तथा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको स्मृतिमा नेपाली कांग्रेसले रुपन्देहीमा विविध कार्यक्रम गरेको छ। बीपी स्मृति दिवसको अवसरमा मंगलबार नेपाली कांग्रेसले रुपन्देहीमा वृक्षरोपण, बीपीको शालिकमा माल्यार्पण तथा अनाथ सहयोगापेक्षीलाई खाना खुवाएको हो।

नेपाली कांग्रेस रुपन्देहीको आयोजनामा रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. ८ स्थित करहीया सामुदायिक वनमा वृक्षरोपण गरिएको हो। उक्त वनमा टिकलगायतका विभिन्न प्रजातिका वनस्पतिका ५ सय बिरुवा रोपिएको नेपाली कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले जानकारी गराए।

उक्त कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्यद्वय अब्दुल रज्जाक र गंगा शाहीले बीपीले बोकेका विचार, सिद्धान्त र आदर्श पार्टीका लागि मात्रै नभएर सिंगो समाजका लागि अनुकरणीय रहेको बताएका थिए।

बीपी स्मृति दिवसमा हरेक वर्ष नेपाली कांग्रेसले वृक्षरोपण कार्यक्रम गर्दै आएको छ। बोट बिरुवा मानव जीवनका लागि अति उपयोगी हुनुका साथै वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि पनि बीपीको स्मृतिमा पार्टीले हरेक वर्ष वृक्षरोपण कार्यक्रम गर्दै आएको सभापति खाँणले बताए।

वन उपभोक्ता समितिले रोपिएका बिरुवाको संरक्षण गर्ने गरी व्यवस्थापन मिलाइएको उनले बताए। कार्यक्रममा नेपाली कांग्रेस रुपन्देहीका पूर्वसभापति रामचन्द्र ढकाल, कोषाध्यक्ष हरिप्रसाद अर्याल, सचिव हरि काफ्ले, तिलोत्तमा नगरसमितिका सभापति तथा करहीया सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष हरिलाल पाण्डेलगायतले बोलेका थिए।

त्यस अवसरमा करहीया सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष तथा नगरसभापति पाण्डेले रोपिएका बिरुवाको संरक्षण उपभोक्ता समितिले गर्ने प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी बीपी स्मृति दिवसकै अवसरमा नेपाली कांग्रेस बुटवल नगरसमितिले बीपीको शालिकमा माल्यार्पण गरेको छ। बुटवल उप-महानगरपालिका वडा नं. ६ बीपी चोकमा रहेको बीपीको शालिकमा मंगलबार माल्यार्पण गरिएको नगर सभापति खेलराज पाण्डेले बताए।

त्यस्तै नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. ३ ले मानवसेवा आश्रममा आश्रीत सहयोगापेक्षीलाई बिहानको खाना खुवाएको छ भने आश्रममा आवश्यक रहेको फ्रिज प्रदान गरिएको क्षेत्रीय सभापति सुशिल गुरुङले जानकारी गराए।

त्यस्तैगरी नेपाली कांग्रेस क्षेत्र नं. २ ले अपरान्ह बुटवलमा बीपी स्मृति साहित्य साँझ कार्यक्रम अयोजना गरिएको छ। उक्त कार्यक्रममा यस क्षेत्रका साहित्यकारहरुले बीपीका बारेमा रचना गरिएका साहित्यिक सिर्जना प्रस्तुत गर्ने क्षेत्रीय सभापति प्रजापाल गिरीले जानकारी गराए।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि कठोर संघर्ष गरेका बीपी कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएका थिए।

उनको २०३९ साउन ६ गते निधन भएको थियो। नेपाली कांग्रेसका संस्थापक नेता कोइराला २०१५ सालको आमनिर्वाचनमा पार्टीले दुई तिहाई बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री भएका थिए।




## सम्पादकीय

# नीतिगत सुधारको प्रभाव

आर्थिक वर्ष २०८१/०८२ मा सात सय वटा नयाँ उद्योग दर्ता भएका छन् । यो संख्या अहिलेसम्मकै उच्च हो । यसअघिका २० वर्षमा वार्षिक सरदर तीन सय वटा उद्योग दर्ता हुने गरेकोमा गत वर्ष यो संख्या दोब्बरभन्दा बढी देखिएको छ । सरकारले नीतिगत सुधार गरेपछि औद्योगिक वातावरण बनेको छ । गत आर्थिक वर्ष दर्ता भएको उद्योगको संख्या हेर्दा मुलुकमा लगानी गर्न व्यवसायी उत्साहित भएको देखिएको हो ।

सरकारले गत वर्ष पुराना कानुनहरूको संशोधन तथा प्रक्रियागत झन्झट हटाउन गरेका कामले अहिले नतिजा देखिन थालेको छ । आर्थिक वर्ष २०८१ को लगानी सम्मेलनअघि आठ वटा अर्थकेन्द्रित कानुनहरू संशोधन गरिएका थिए । त्यस्तै, २०८१ पुस महिनामा १३ वटा कानुन संशोधन भए । अहिले देखिएको उत्साह यिनै कानुनको सुधारले हो । सरकारले गत बैशाखमा ५० करोड रुपैयाँसम्मको विदेशी लगानी स्वचालित मार्गबाट सरकारी कार्यालयमा भौतिक उपस्थितिबिना नै दर्ता गर्न सकिने र आइसिटी क्षेत्रमा न्यूनतम विदेशी लगानीको सीमा नलाग्ने व्यवस्था गरेको थियो । जसले सबैभन्दा उत्साह सूचना प्रविधि क्षेत्रमा देखिएको छ । नेपाली बजार सानो हुने र विदेशी बजारमा आफ्नो पहुँच विस्तारका लागि केही लगानी गर्नुपर्ने आइटी उद्यमीहरूको माग थियो । यो मागलाई पूरा गरेर सरकारले लगानी ल्याउने मात्रै होइन, विदेशमा कमाएको पैसा सहजै ल्याउने वातावरण तयार पार्नु सकारात्मक छ । सरकारले गरेका मुख्य तीन काम-स्वचालित मार्गबाट उद्योग दर्ता तथा आइसिटी क्षेत्रलाई विदेशी लगानीको न्यूनतम सीमा लागू नहुने व्यवस्था, शाखा वा सम्पर्क कार्यालय खोल्नका लागि विदेशमा लगानी खुला र केही कर प्रोत्साहनका कारणले पनि यस क्षेत्रमा आकर्षण बढेको देखिन्छ ।

तर सरकारले गर्नुपर्ने काम अझै धेरै छन् । कानुनमा सुधार भएको छ, तर कानुनले तोकेको काम गर्ने नियमावली र कार्यविधि अझै बन्न नसक्नुले ढिलासुस्ती छर्लङ्ग देखिन्छ । पुसमा आएको लगानी कानुनको भावअनुसार अझै कार्यविधि तथा निर्देशिकाहरू बनेका छैनन् । कार्यविधि र नियमावली तयार गर्न मन्त्रालयहरु किन ढिलासुस्ती गरिरहेका छन् ? नीतिगत सुधारको प्रस्थानविन्दु मानेर निरन्तर मातहतको निकायलाई क्रियाशिल बनाउन मन्त्रालय तहबाट काम हुनुपर्छ । सरकारले समृद्ध मुलुकको सपना साकार पार्न समृद्धि नेपाल सुखी नेपालीको संकल्प गरेकाले औद्योगिक लगानीको वातावरणलाई व्यवहारमा उर्तान अहिलेको काम गर्ने शैलीमा धेरै परिवर्तन गर्न आवश्यक छ । नीतिगत सुधार एकातिर छँदैछ, अर्कोतिर कर्मचारी संयन्त्रको काम गर्ने शैली, आचरण र व्यवहारमा पनि सुधारको खाँचो छ ।

# पत्रकारिताका समस्या र चुनौती : को कति जिम्मेवार ?



सागर पण्डित

'यदि तपाईं संसार परिवर्तन गर्न चाहनुहुन्छ भने पत्रकारिता नै सबैभन्दा छिटो हतियार हो ।' -टोम स्टोपार्ड ।

बेलायतका विख्यात नाटककार स्टोपार्डको यस कथनले पत्रकारिताको शक्ति र प्रभावलाई प्रस्ट रूपमा दर्शाउँछ । पत्रकारिता केवल सूचना प्रवाहको माध्यम मात्र होइन, यो सामाजिक उत्तरदायित्व, जनचेतना र सत्ता निगरानीको अभिन्न अंग हो ।

लोकतान्त्रिक समाजमा जनताले सरकार, सत्ता र शक्तिकेन्द्रसँग जवाफदेहिता खोज्ने माध्यम पत्रकारिता नै हो । विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्ने प्रमुख अवयव स्वतन्त्र पत्रकारिता हो, जसविना प्रजातन्त्रको अस्तित्व केवल औपचारिकता मात्र हुन्छ ।

नेपोलियन बोनापार्ट भन्छन् -'पत्रकार भनेका आरोपी, समालोचक, सल्लाहकार, बादशाहका प्रतिनिधि र राष्ट्रका सेवक हुन् । चारवटा विरोधी पत्रिका ४ हजार सैनिकभन्दा पनि डरलाग्दा हुन्छन् ।'

यिनै कारणले पत्रकारितालाई 'चौथो अंग'को रुपमा विश्वव्यापीरुपमा मान्यता दिइएको छ, जसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्यलाई निगरानी गर्दै जनताको पक्षमा बोल्ने काम गर्छ । यसले नीति निर्माणमा बहस र विमर्शलाई जन्म दिन्छ, सार्वजनिक चासोका मुद्दालाई प्राथमिकता दिन्छ र सत्तालाई जनउत्तरदायी बनाउन दबाब सिर्जना गर्छ ।

महात्मा गान्धीले पनि पत्रकारिताको नैतिक उचाइबारे उल्लेख गरेका छन्- 'पत्रकारिताको उद्देश्य केवल आम्दानी गर्नुहोइन, जनताको आवाज बोल्नु हो ।'

यति धेरै महत्व बोकेको पत्रकारिताले आज विश्वव्यापीरुपमा चुनौती र संकट व्यहोर्नुपरिरहेको छ । यस्ता चुनौती र संकट अरुहरुको तुलनामा नेपाललगायत तेस्रो विश्वका देशहरुमा बढी छ । प्रजातन्त्रको अभावमा कतिपय मध्यपूर्वी देशमा पत्रकारिताले अत्यधिक दुःख र कष्ट व्यहोर्नुपरिरहेको छ । आन्दोलनका नाममा कैयौँ पत्रकारहरु मृत्युको मुखमा पर्न बाध्य भइरहेका छन् । नेपालमा भने विश्वमै उन्नत मानिएको शासन प्रणालीको रुपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्र रहे पनि नेपालको पत्रकारिताले आफूलाई पूर्ण सुरक्षित भएको अनुभूति गर्न सकिरहेको छैन । यो ठूलो विडम्बनापूर्ण तथ्य हो । पत्रकारिताको जिम्मेवारी निकै गहिरो र संवेदनशील छ । लोकतान्त्रिक भनिएकै शासकहरु उदार हुन नसक्दा र पत्रकारिता क्षेत्रलाई फराकिलो दृष्टिले हेर्न नसक्दा यहाँको पत्रकारिताले समस्या र चुनौती भोग्नुपरेको हो । तथापि, हाल हामीकहाँ देखिएको एक चिन्ताजनक अवस्था भनेको सकारात्मक पत्रकारिता गर्न नसक्नु र पत्रकारहरूमा सकारात्मक चिन्तनको अभाव हुनु पनि हो । अधिकांश समाचारहरू नकारात्मक घटना, आरोप, असफलता र विफलताको वरिपरि घुमिरहेका छन् । यसबाट समाजमा 'मुलुक खत्तम भयो', 'देश बर्बाद हुँदैछ' भन्ने किसिमका निराशाजनक भाष्यहरू जन्मिइरहेका छन् ।

यो प्रवृत्ति दीर्घकालीनरूपमा लोकतन्त्र, सुशासन र सामाजिक मनोविज्ञान दुवैका लागि घातक हुन सक्छ । पत्रकारिताको मूल उद्देश्य केवल गलतलाई उजागर गर्नु मात्र होइन, समाज र देशमा आशाको किरण देखाउनु पनि हो । खबरदारीसँगै उत्प्रेरणा दिन सक्ने शक्ति पनि पत्रकारितामा हुनुपर्छ । समाजमा आशा जगाउने, उदाहरणीय कार्यहरू देखाउने, विकास र निर्माणका सकारात्मक प्रयासहरूलाई उजागर गर्ने जिम्मेवारी पनि पत्रकारिताकै हो ।

नेपालको पत्रकारिता क्षेत्रले भोग्नुपरेका चुनौतीलाई निम्नरुपमा उल्लेख गर्न सकिन्छ । यिनै चुनौतीका आधारमा यहाँको पत्रकारितालाई समस्या र संकटमा पार्ने पक्षहरु को हुन् ? भन्ने बारेमा समेत बुझ्न सकिन्छ ।

**१. सरकारी पक्षबाटै चुनौती :**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेको झन्डै एक दशकभन्दा बढी समय बितिसकेको छ । तर पनि पत्रकारिता र सञ्चारमाध्यमको विकास तथा संरक्षणका लागि आवश्यक नीति, कानुन र संरचनागत व्यवस्था अझै पनि अधुरो र अस्पष्ट छ । सरकारका विभिन्न निकायहरू प्रेसप्रति संवेदनशील छैनन् । सञ्चारकर्मीहरूमाथि प्रहरी लगाउने, मनपरी कानुनी व्यवस्था लागू गर्ने र साइबर कानुनको नाममा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने प्रयास भइरहेका छन् । पछिल्लो समय 'डिजिटल सुरक्षा'को नाममा आउने कानुनी विधेयकहरू आलोचना र सेन्सरको औजार बन्न पुगेका छन् । सूचनाको स्रोतमा पहुँचलाई पनि सरकारी अधिकारीहरुले सरल र सहज बनाउनेतर्फ कुनै ध्यान नै दिएका छैनन् । बरु कसरी हुन्छ, सूचना लुकाउनेतर्फ नै उनीहरुको ध्यान केन्द्रित हुने गरेको छ ।

**२. आर्थिक अभाव र पेसागत असुरक्षा :**

नेपालमा पत्रकारिता गर्दा २४सै घण्टा खटिने पत्रकारहरूसमक्ष बिहान-बेलुका पेट भर्ने चिन्ता छ । यो यथार्थताले पत्रकारिताको आत्मसम्मानमा ठेस पुऱ्याएको छ । उचित पारिश्रमिक नपाउने, कामको सुरक्षा नभएको, बिमा र पेन्सन सुविधा नपाउने अवस्थाले पत्रकारलाई निराश बनाएको छ । पेसामा टिक्न नसकेर धेरै दक्ष पत्रकार वैकल्पिक पेसा रोज्न बाध्य भएका छन् भने केही विदेश पलायन भएका छन् । आर्थिकरूपमै कमजोर पत्रकारलाई आफ्नो स्वतन्त्रताको रक्षा गर्न कठिन हुन्छ । एउटै सञ्चारमाध्यममा २०-२५ वर्षसम्म बिताएका सञ्चारकर्मीहरुको सुरक्षाको ग्यारेन्टी शून्य प्रायः छ । ती मिडियाले त्यस्तो पत्रकारको सुरक्षाको लागि कुनै प्रकारका विशेष योजना र कार्यक्रम ल्याउन सकेका छैनन् ।

**३. राजनीतिक प्रभाव र पक्षधरता :**

नेपालको सञ्चार क्षेत्रमा राजनीतिक प्रभाव निकै गहिरो छ । कतिपय मिडिया घरानाहरू राजनीतिक दल, नेताहरू वा व्यावसायिक समूहहरूको स्वार्थमा चलिरहेका छन् । यसले समाचारको निष्पक्षता, सन्तुलन र विश्वसनीयतामा प्रश्न उठाएको छ । पत्रकारिता सूचना दिने माध्यम नभई अभियान चलाउने हतियार बन्ने होडबाजी देखिन थालेको छ । यसले सम्पूर्ण पत्रकारिता क्षेत्रको नैतिक धरातल कमजोर बनाइरहेको छ । पार्टी पत्रकारिताले पनि समस्या र चुनौती थपिएको छ ।

**४. पेसागत आचारसंहिता र पीत पत्रकारिता :**

कतिपय सञ्चारमाध्यम र पत्रकारहरूले आफ्नो पेसागत धर्म र मर्म बिर्सँदै गएका छन् । समाचारको सत्यतथ्य, पुष्टि र स्रोतको सम्मानभन्दा पनि सनसनी, लाभ वा प्रभावको खोजीमा पीत पत्रकारिताको अभ्यास बढ्दो छ । यस्ता प्रवृत्तिले सम्पूर्ण पत्रकारितामाथि नै अविश्वासको बादल मडारिएको छ । पत्रकारितालाई मात्र कमाई खाने भाँडोको रूपमा लिँदा यस पेसाको आत्मा नै खल्बलिएको छ । यसैले पत्रकारितामाथि जनताको विश्वास घट्दै गएको छ । पत्रकारहरु व्यावसायिक मर्यादालाई उल्लङ्घन गर्दै आर्थिक र अन्य लाभ उठाउन तल्लीन छन् । सरकारी सेवामा जस्तै पत्रकारिता क्षेत्रमा पनि घुस प्रथा मौलाउन पुगेको भन्दै आलोचना हुने क्रम बढेको छ ।

**५. प्राविधिक चुनौती र डिजिटल संक्रमण :**

सूचना प्रविधिको तीव्र विकासले पत्रकारितामा नयाँ सम्भावनासँगै गम्भीर चुनौती पनि ल्याएको छ । डिजिटल प्लेटफर्म, अनलाइन मिडिया, सामाजिक सञ्जालको विस्तारसँगै 'फेक न्यूज', भ्रमपूर्ण सूचना र तथ्यहीन प्रचारको प्रवाह बढेको छ । यस्ता समाचारको तथ्य जाँच गर्ने प्रविधि, दक्ष जनशक्ति र समयको अभावले समाचारको विश्वसनीयता कमजोर बनिरहेको छ । साथै, प्रिन्ट मिडिया बजार पनि खुम्चिँदै गएको छ, जसले धेरै संस्थाहरू बन्द हुने वा डिजिटलमा रुपान्तरण हुने बाध्यता ल्याएको छ ।

**६. संरचना, पूर्वाधार र जनशक्तिको अभाव :**

नेपालका अधिकांश जिल्ला र ग्रामीण भेगमा सञ्चार संस्थाहरू आवश्यक पूर्वाधार र स्रोतविनाको अवस्थामा सञ्चालित छन् । ग्रामीण पत्रकारिताको अवस्था अझ दयनीय छ, जहाँ न त प्रविधि छ, न त तालिम प्राप्त जनशक्ति । सञ्चार क्षेत्रको समग्र विकासका लागि समान पहुँच र समान अवसरको प्रत्याभूति नभएसम्म पत्रकारिताको सन्तुलित विकास सम्भव छैन ।

**७. सुरक्षा जोखिम र प्रेस स्वतन्त्रताको सीमारेखा :**

नेपालमा पत्रकारहरूले अझै पनि लेख्न डराउनुपर्ने अवस्था छ । विशेष गरी सत्ता वा ठूला व्यावसायिक समूहविरुद्ध कलम चलाउँदा धम्की, डर त्रासा वा मुद्दा लगाउने क्रम अझै पनि जारी छ । कतिपय अवस्थामा पत्रकारहरूमाथि हातपात, गैरकानुनी पक्राउ र अपमानजनक व्यवहार भएका तथ्यहरू सार्वजनिक भएका छन् । यो अवस्थाले स्वतन्त्र पत्रकारिता गर्ने वातावरणको अभाव देखाउँछ । यस्तो अवस्थामा शासकहरुले पत्रकारिताको संरक्षणका लागि कुनै पहल गर्ने गरेका छैनन् । उल्टो मौन बसेर पत्रकारलाई दुःख दिने प्रवृत्तिमा सहयोगी बन्ने गरेको देखिन्छ । यसै गरी अदालतमा हुने भ्रष्टाचार र त्यसमा हुने न्यायाधीशको संलग्नताका बारेमा पनि पत्रकारलाई लेख्न कठिन हुने गरेको छ ।

**८. आन्तरिक अनुशासन र जिम्मेवारीबोधको अभाव :**

पत्रकारिता स्वतन्त्र छ भनेर जे-जति मन लाग्यो त्यही लेख्न वा प्रसारण गर्न पाइन्छ भन्ने होइन । स्वतन्त्रता जिम्मेवारीसहित आउँछ । तर कतिपय पत्रकार र मिडिया संस्थाले आन्तरिक अनुशासन र आत्मसंयमको पालना गर्न सकेका छैनन् । स्रोतको गोपनीयता, पीडितको मर्यादा, संवेदनशील मुद्दामा सन्तुलित व्यवहारजस्ता पक्षमा कमजोरी देखिन्छ । पत्रकारहरूबीच प्रतिस्पर्धा स्वस्थ नभई 'को अघि कसरी उछिन्ने' भन्ने होड चलिरहेको छ । सामाजिक सञ्जालमा आएका फेक विषयलाई पत्रकारितामा घुलन गराएर झनै बदनाम गराउने कामसमेत हुने गरेको छ ।

**९. सकारात्मक चिन्तन फैलाउन असफल :**

समाजमा आशा जगाउने, उदाहरणीय कार्यहरू देखाउने, विकास र निर्माणका सकारात्मक प्रयासहरूलाई उजागर गर्ने जिम्मेवारी पनि पत्रकारिताकै हो । नेपालमा भइरहेका ठूला पूर्वाधार निर्माण, स्वास्थ्य र शिक्षामा भएका सुधार, स्थानीय तहका सफल कार्यक्रमहरू, युवाले सुरु गरेका सिर्जनात्मक अभियानहरू- यस्ता उदाहरणहरूलाई प्राथमिकता दिइनु अत्यावश्यक छ । जनतालाई केवल समस्या मात्र होइन, समाधानतर्फ पनि डोऱ्याउने पत्रकारिता आजको आवश्यकता हो । तर यस्ता विषयमा नेपाली पत्रकारिता नराम्ररी चुक्दै आइरहेको छ ।

**१०. सन्तुलित पत्रकारितामा समस्या :**

अवश्य सत्ताको आलोचना गर्नुपर्छ, गलतमा औँला ठड्याउनुपर्छ, तर त्यो सँगसँगै आशा, प्रेरणा र समाधानको दिशातर्फ डोऱ्याउने 'सन्तुलित पत्रकारिता' पनि अपरिहार्य छ । लोकतन्त्रमा पत्रकारिता 'चौथो अंग' मात्र होइन, समाजको सांस्कृतिक प्रतिविम्ब र भविष्यप्रति मार्गदर्शन दिने शक्ति पनि हो । त्यसैले, खबरदारी गर्दै सकारात्मकता भर्नु आजको पत्रकारिताको प्रमुख जिम्मेवारी बन्न पुगेको छ ।

**११. सामाजिक पछौटेपन :**

हामीकहाँ शिक्षित, चेतनशील र जागरुक समाजको संख्या निकै कम छ । किनकि पत्रकारिताको प्रमुख आधार भनेकै शिक्षित, सभ्य र सुसंस्कृत समाज हो । त्यसैले यहाँको पत्रकारिता चुनौतीमा छ । नेपालमा पत्रकारिताका चुनौतीहरू गम्भीर र बहुआयामिक छन् । तीमध्ये केही बाह्य छन् भने केही पत्रकारिता स्वयंभित्रका छन् । समाधानका लागि राज्य पक्षले पत्रकारिता अनुकूल नीति, सुरक्षा, उचित पारिश्रमिक, पेसागत सम्मान र सशक्त संरचना निर्माणमा ध्यान दिनुपर्छ ।

यस्तै, सञ्चारमाध्यमहरूले राजनीतिक दासत्वबाट मुक्त भई पेसागत आचारसंहितामा आधारित विश्वसनीय पत्रकारितालाई अँगाल्न जरुरी छ । पत्रकारिता केवल समाचार लेख्ने वा प्रकाशन-प्रसारण गर्ने माध्यम मात्र होइन, जनताको भावना बोकेर सत्ता, प्रणाली र नीतिलाई प्रश्न गर्ने सशक्त यन्त्र हो । त्यसैले यसको संरक्षण, सुधार र सुदृढीकरणमा सम्पूर्ण सरोकारवाला एकै ठाउँमा उभिनु आजको आवश्यकता हो । पत्रकारिता बचाउन सकिएन भने लोकतन्त्रको मेरुदण्ड आफैँ खुम्चिन थाल्नेछ ।

समाचारपत्रबाट

# नेप्से परिसूचक ८० दशमलव ९७ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । नेप्से परिसूचक ८० दशमलव ९७ अङ्कले बढेर दुई हजार ९७३ दशमलव ७० बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ७९ प्रतिशतको वृद्धि हो ।

नेप्सेमा ३१९ कम्पनीको चार करोड ३५ लाख ८१ हजार २२८ कित्ता शेयर एक लाख ७७ हजार १०१ पटक खरिदबिक्री हुँदा रु २० अर्ब आठ करोड ५३ लाख ६७ हजार २९३ बराबरको कारोबार भएको छ । कारोबार पछि बजार पुँजीकरण रु ४९ खर्ब ६२ अर्ब १२ करोड नाघेको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ६३, जीवन बिमा समूह चार दशमलव ३६ र लघुवित्त समूह चार दशमलव ०७ प्रतिशतले बढेको छ । बैङ्किङ दुई दशमलव १०, विकास बैङ्क दुई दशमलव २६, वित्त एक दशमलव ९४, होटल तथा पर्यटन तीन दशमलव ४४ र जलविद्युत् समूह एक दशमलव ९० प्रतिशतले बढेको छ । त्यसैगरी, लगानी तीन दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बिमा दुई दशमलव ५६, व्यापार एक दशमलव ०१ र अन्य समूह तीन दशमलव २६ प्रतिशतले बढेको छ ।

कारोबारमा ट्रेड टावर लिमिटेड, शिवम् सिमेन्ट लिमिटेड, सान्भी इनर्जी लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा एलबीबीएल डिबेञ्चर-२०८९ तीन दशमलव ९४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ७१ करोड ८८ लाख ८५ हजार ७४५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सनराईज फोकस्ड इक्विटी फण्डको २२ लाख ३७ हजार ३९५ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# पानीको कमी हुँदा मस्तिष्कमा के असर पर्छ ?

हामी मध्ये धेरैले बिहान उठ्ने बित्तिकै मोबाइल हेर्छौं, केहीले चिया खान्छौं, अनि दिनभरि काममा व्यस्त हुन्छौं । यस्तो हतारको जीवनशैलीमा 'पानी पिउन बिर्सनु' सामान्यजस्तै लाग्छ । तर थाहा छ ? शरीरमा पानीको कमी हुनु भनेको केवल तिर्खा लाग्नु मात्र होइन - तपाईंको मस्तिष्कले भन्न खोजिरहेको हुन्छ, 'म अब ठीकसँग काम गर्न सक्दिन ! '

हो, पानीलाई हामीले सामान्य र स्वाभाविक रूपमा लिन्छौं । चिसो पानीको गिलास सायद तातो दिनमा ताजा महसुस गराउनका लागि मात्र हो भन्ने सोच्न सक्छौं । तर विज्ञान भन्छ - पानी हाम्रो शरीरको हरेक प्रणालीको लागि अत्यावश्यक ईन्धन हो । विशेष गरी, हाम्रो मस्तिष्कका लागि त पानी अति नै आवश्यक कुरा हो ।

**किन मस्तिष्कका लागि पानी जरुरी छ ?**

पहिलो कुरा - हाम्रो मस्तिष्क आफैमा करिब ७५ प्रतिशत पानीले बनेको हुन्छ । यो सुन्दा अनौठो लाग्न सक्छ, तर हो, हाम्रो सोच्ने, सम्झने र निर्णय गर्ने अंग पानीमै बाँचेको छ । त्यसैले जब शरीरमा पानीको मात्रा घट्छ, त्यसको असर सिधा मस्तिष्कमै पर्न जान्छ ।

**डिहाइड्रेशनले मस्तिष्कमा के गर्छ ?**

एकछिन कल्पना गर्नुहोस् - तपाईं घाममा हिँड्दै हुनुहुन्छ, पसिना धेरै आइरहेको छ, पानी नपिएको धेरैबेर भइसक्यो । यस्तो अवस्थामा तपाई थकित महसुस गर्न थाल्नुहुन्छ, ध्यान केन्द्रित गर्न गाह्रो भइरहेको हुन्छ, सानो कुरामा झर्को लाग्न थाल्छ ।

सामान्यजस्तो लागे पनि, यो सबैको कारण एउटै हो: शरीरले पर्याप्त पानी पाएको छैन ।

**जब शरीरमा पानीको मात्रा घट्छः**

रगत बाक्लो हुन्छ, जसले मस्तिष्कसम्म पुग्ने अक्सिजन कम गर्छ ।

नसा प्रणालीले पठाउने सन्देशहरू सुस्त हुन्छन् ।

स्नायविक रासायनिक सन्तुलन बिग्रन्छ ।

दिमाग 'बोझ' महसुस गर्छ - जसको असर ध्यान, स्मरण शक्ति, मूड र निर्णय गर्ने क्षमता सबैमा देखिन्छ ।



यो अवस्था केही घण्टाको पानीको कमीपछि पनि देखिन सक्छ । शरीरको तौलको १-२% बराबर पानी गुम्नासाथ असर देखिन थाल्छ भन्ने अनुसन्धानहरूले पुष्टि गरेका छन् ।

**स्नायुतन्त्र पनि संकटमा पर्छ**

स्नायुतन्त्र भनेको मस्तिष्क, मेरुदण्ड र नसा मिलेर बनेको प्रणाली हो - जसले शरीरका हरेक क्रियाकलाप सञ्चालन गर्छ। खाना पचाउने, मांसपेशी हिँडाउने, बोल्ने, सोच्ने - सबै यही प्रणालीले नियन्त्रण गर्छ ।

तर, डिहाइड्रेशन हुँदा स्नायुतन्त्रको संकेतहरू सही रूपमा प्रवाह हुँदैनन् । यसो हुनुको कारणहरु निम्नानुसार छन् -

इलेक्ट्रोलाइट असन्तुलन- शरीरमा सोडियम, पोटासियम जस्ता खनिजहरूको मात्रा गडबड हुन्छ ।

कोषहरू खुम्चिन्छन् - पानी अभाव हुँदा कोषहरू आफ्नो सामान्य आकार गुमाउँछन् ।

स्नायु संकेतहरू भ्रमित बन्छ - जसले चल्ने, उठ्ने, प्रतिक्रिया जनाउने क्षमतालाई प्रभावित पार्छ ।

त्यसैले, कहिले काहीँ हामी सोच्ने क्षमता कमजोर भएजस्तो, हातखुट्टा ललाकलुलुक हुन थाल्यो वा मुड गडबड भए जस्तो महसुस हुन थाल्यो भने - त्यसको कारण डिहाइड्रेशन पनि हुन सक्छ ।

**पानी पिउनु भनेको तिर्खा मेटाउनु मात्र होइन**

हाम्रो शरीरमा यस्तो प्रणाली हुन्छ - जुन सन्तुलनमै चल्नुपर्छ । पानी त्यो सन्तुलनको मेरुदण्ड हो । यसले तपाईंको शरीरलाई ताजा मात्र बनाउँदैन, तपाईंको दिमागलाई पनि प्रष्ट, सक्रिय र सन्तुलित बनाउँछ । पानीको कमीले तनाव बढाउन सक्छ, निद्रामा असर पार्न सक्छ, र मानसिक स्वास्थ्यसमेत गम्भीर रूपमा प्रभावित गर्न सक्छ ।

**पानी नपिउनु भनेको दिमागले गर्ने काममा अवरोध ल्याउनु हो**

हामीले खाना खान बिर्सँदैनौं, सास फेर्न बिर्सँदैनौं - तर पानी पिउन चाहिँ बारम्बार बिर्सन्छौं । तर त्यो बिर्सनु केवल शरीरका विभिन्न अङ्गहरुको सुस्वास्थ्यको लागि मात्र हैन, दिमागका लागि पनि खतरा हो ।

पानी पिउनुहोस् - किनभने तपाईंको दिमागले त्यसको प्रतीक्षा गरिरहेको छ । त्यसैले दिनमा कम्तिमा ६-८ गिलास पानी पिउने बानी बसाल्नु जरुरी छ । खासगरी बिहान उठ्नेबित्तिकै, खाना खानुभन्दा आधा घण्टा अगाडि, घाममा हिँड्दा वा थकाइ लाग्दा पानी पिउन बिर्सनु हुँदैन । बिर्सेर पनि नभुलौं-शरीरका लागि पानी तिर्खा मेटाउने साधन मात्र होइन । यो जीवनलाई सुचारु गर्नका लागि अनिवार्य रुपमा चाहिने आधारभूत कुरा पनि हो हो ।

# तीन महिनामा २३ सय बढी विपद्जन्य घटना

काठमाडौँ । गत बैशाख १ देखि यही साउन ५ गतेसम्म देशभरका विभिन्न क्षेत्रमा भएका विपद्जन्य दुई हजार ३२६ घटनामा एक सय दुई जनाले ज्यान गुमाएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती विपद्मा परेर अझै २० जना हराइरहेका छन् । कुल पाँच सय १२ जना घाइते भएका छन् भने चार हजार ३२३ परिवार प्रभावित भएका प्राधिकरणका प्रवक्ता एवं उपसचिव सुरेश सुनारले जानकारी दिए ।

उनका अनुसार मनसुनी विपद्सहितका विभिन्न प्रकारका विपद्जन्य घटनाबाट यसरी जनधनको क्षति भएको हो । बाढीका मात्रै एक सय ५१ घटनामा १३ जनाको मृत्यु र २० जना बेपत्ता भएका छन् । यो धेरैजसो रसुवा बाढीले क्षति पुऱ्याएको उनले बताए ।

त्यसैगरी पहिरोका दुई सय सात घटनामा नौ र भारी वर्षाका एक सय तीन घटनामा दुई जनाको मृत्यु भएको छ । चट्याङका दुई सय २९ घटनामा २८, सर्पदंशका ६३ घटनामा पाँच, आगलागीका नौ सय ७६ घटनामा १४ जनाको मृत्यु भएको छ ।

यस्तै, हुरीबतासका दुई सय ७३ घटनामा आठ, जनावर आक्रमणका एक सय २१ घटनामा १२, लेक लागेका ३६ घटनामा ११ जनाको मृत्यु भएको पनि उनले जनाए । अन्यमा र डढेलोका एक सय ५८ वटा घटना, भूकम्पका चार, डुङ्गा पल्टिएका दुई, असिनापानीका दुई घटना भएको तर मानवीय क्षति नभएको पनि प्राधिकरणले जानकारी दिएको छ ।

ती घटनाबाट सबैभन्दा बढी बाढीले एक हजार २५४ घर प्रभावित बनाएको छ । यस्तै पहिरोले दुई ४१, भारी वर्षाले पाँच सय ४७, चट्याङले दुई सय ६४, सर्पदंशले ७० र आगलागीले एक हजार ८९ परिवारलाई प्रभावित बनाएको पनि प्राधिकरणले जानकारी दिएको छ । डढेलोबाट २७, हुरीबतासबाट पाँच सय ३१, जनावरको आक्रमणबाट एक सय ८६, लेक लागेर ३२, डुङ्गा पल्टिएर पाँच, असिनापानी र हुरीबाट ७७ परिवार प्रभावित भएको प्राधिकरणको विवरणमा उल्लेख छ ।

---

**भैरहवा...**

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्य भन्दा १३ प्रतिशत बढी राजस्व संकलन भए पनि त्यसयता यो अनुपात घट्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यको ९१ प्रतिशत, २०७९/८० लक्ष्यको ४९ प्रतिशत, आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यको ६३ प्रतिशत, आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यको ८७ प्रतिशत मात्रै राजस्व संकलन भएको भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताए । राजस्व संकलनमा योगदान दिने मुख्य वस्तुको आयात नै खुम्चिँदा पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजश्व संकलन गर्न नसकेको भन्सार प्रमुखको भनाइ छ ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्रप्रसाद चौधरीका अनुसार २०८१ साउनदेखि २०८२ असार सम्ममा सबैभन्दा धेरै १ लाख ४४ हजार १ सय ९४ थान मोटरसाइकल १६ अर्ब ९१ करोड ८५ लाख ४४ हजारको आयात भएको छ, जसबाट १७ अर्ब २१ करोड २१ लाख २७ हजार राजस्व संकलन भएको छ ।

यस्तै ४ अर्ब १५ करोड १५ लाख ३८ हजारको ३ हजार ७ सय ६१ थान जीप, कार, भ्यान आयात भई १० अर्ब ३५ करोड ४७ लाख ९६ हजार राजस्व असुली भएको छ । यसैगरी ६ अर्ब ८९ करोड ११ लाख ९ हजार मूल्यको पेट्रोल आयात भई ३ अर्ब ९७ करोड १५ लाख ६८ हजार राजस्व संकलन भएको छ ।

भन्सारका अनुसार डबल पिकअप गाडी, शुद्ध फलाम, मोवाइल-टेलिफोन, एमएस बिलेट, चकलेट र एलपी ग्यास समेतबाट अर्बौं रुपैयाँ राजस्व संकलन भएको छ । प्रमुख १० बस्तुको राजशवमा योगदान ४४ अर्ब ८८ करोड ५३ लाख २७ हजार छ । यो कुल राजश्व अशुलीको ४७ दशमलव १५ प्रतिशत रहेको सूचना अधिकारी चौधरीले बताए ।

भन्सारका अनुसार गत वर्ष २०८१ को साउनमा ८ अर्ब ७७ करोड २२ लाख ३५ हजार अशुली लक्ष्य रहेकोमा ७ अर्ब ३२ करोड ८१ लाख ८३ हजार, भदौंमा ९ अर्ब ९१ करोड ४४ लाख २१ हजार लक्ष्य रहेकोमा ८ अर्ब ९२ करोड ७१ लाख ९१ हजार, असोजमा ८ अर्ब ७८ करोड १६ लाख ८६ हजार लक्ष्य रहेकोमा ८ अर्ब ८१ करोड ५१ लाख २५ हजार, कार्तिकमा ८ अर्ब ५७ करोड २७ लाख ८१ हजार लक्ष्य रहेकोमा ७ अर्ब १२ करोड ९७ लाख ८३ हजार, मंसिरमा ८ अर्ब ४७ करोड ६४ लाख ७१ हजार लक्ष्य रहेकोमा ६ अर्ब ९६ करोड ४३ लाख ४४ हजार राजस्व असुली भएको छ । यस्तै, पुसमा ८ अर्ब ५१ करोड ५३ लाख ८० हजार असुली लक्ष्य रहेकोमा ६ अर्ब ८६ करोड ६१ लाख ३४ हजार, माघमा ८ अर्ब ३२ करोड ९९ लाख ४४ हजार लक्ष्य रहेकोमा ७ अर्ब १४ करोड ७६ लाख ७ हजार, फागुनमा ९ अर्ब १३ करोड ३२ लाख २२ हजार लक्ष्यमा ७ अर्ब २३ करोड ४४ लाख १६ हजार, चैतमा ९ अर्ब ५७ करोड ९१ लाख ६२ हजार लक्ष्यमा ८ अर्ब २३ करोड ५२ लाख ७० लाख, बैशाखमा ९ अर्ब ३७ करोड ५० लाख ८७ हजार लक्ष्य रहेकोमा ८ अर्ब ९६ करोड १० लाख १९ हजार, जेठमा १० अर्ब ३८ करोड ५१ लाख ९८ हजार लक्ष्यमा ९ अर्ब ९० करोड २४ हजार र असारमा ९ अर्ब ४९ करोड ६६ लाख ६५ हजार लक्ष्य रहेकोमा ८ अर्ब ४९ करोड ४८ लाख २ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

कार्यालयले २०७८ मंसिरसम्म लक्ष्य अनुरुप सफलता हासिल गर्दै गएपनि पुस ५ गतेबाट लागु भएको प्रावधानले आयातमा कमि हुँदै आएको हो । मधेश आन्दोलन र नाकाबन्दीका बेला सहज मानिएको यो भन्सार नाका राज्यको लागि ठूलो योग्दान गरेको थियो । विस्तारै अन्य नाका सहज हुँदा सामानहरु पनि डाइभर्ट भएको छ । यहाँबाट लक्ष्य पार नहुनुको मुख्य कारण नै बाटोको समस्या रहेको भन्सारको बुझाइ छ । पुल भाँचिदा र सडक निर्माणको कार्यले गर्दा पनि केही अवरोध भएको हो । राजश्वमा मुख्य योगदान दिने बस्तु आयत घट्दा राजस्व लक्ष्य प्रभावित भएको छ गाडी, मोटरसाइकल, डिजल, पेट्रोल, औधोगिक कच्चापदार्थहरुको आयातमा कमि आएको छ , यस्तै विभिन्न राजस्व छुट, चोरीतस्करी, भारतिय अवरोध तथा नितिगत फेरबदल, बुटवल-नारायणगढ सडकको कठिनाइको कारण अन्य नाकाबाट काम गर्न आयातकर्ता बध्य भएको प्रमुखले बताए ।

पछिल्लो समय भन्सारले सेवा प्रवाह सरलीकृत गर्दै लगेको छ भने अवैध पैठारी रोक्न सीमा क्षेत्रमा गस्ती तिव्र पारेको छ । जस प्याज, कपडा, चिनी, सूर्ति जन्य बस्तु किरानाका सामानसहित मानिस र सवारीसाधनलगायतका लाखौं मूल्यका सामान बरामद भएको छ ।

भन्सार कार्यालयका अनुसार भन्सार कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र अन्य निकायबाट बरामद गरिएको अवैध सामानका ११७४ वटा मुद्दा जिम्मेवारी सरी ३१ करोड ७१ लाख ९६ हजार मूल्य बराबरको अवैध सामान नियन्त्रणमा यहाँ आएको हो । यस्तै एक वर्षको अवधिमा र जिम्मेवारी सरि आएको मुद्दामध्ये ९ सय ४ वटा फछ्र्यौट भई २७० वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । भन्सार विभागले आर्थिक वर्ष २०८२-०८३ मा भने १ खर्ब १३ अर्बको लक्ष्य तोकेको छ ।

# परासीमा पहिलोपटक पित्तथैलीको शल्यक्रिया



नवलपरासी । पश्चिम नवलपरासीको सदरमुकाममा रहेको पृथ्वीचन्द्र अस्पताल परासीमा पहिलोपटक पित्तथैलीको पत्थरीको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ ।

जनरल सर्जन डाक्टर अब्दुल हकिमको नेतृत्वमा रहेको चिकित्सक टोलीले रुपन्देहिका १८ वर्षीय राजकुमार धोवीको पित्तथैलीमा रहेको पत्थरी शल्यक्रियामार्फत् निकालेको हो । रुपन्देहीको रोहिणी गाउँपालिका-३ बस्ने धोवीको पित्तथैलीमा १३.५ मि.मि. आकारको पत्थरी फेला परेको हो ।

उक्त पत्थरीलाई ओपन कोलिसिस्टेक्टोमी प्रविधिबाट शल्यक्रिया गरी निकालिएको अस्पतालकामेडिकलसुपरिटेन्डेन्ट डाक्टर मोहम्मद नुरुल होदाले जानकारी दिए । डाक्टर हकिमका अनुसार, अस्पतालमा यसअघि पित्तथैलीको साना पत्थरी औषधि उपचारबाट मात्र निको पार्ने गरिएको थियो । तर पहिलोपटक शल्यक्रिया विधिबाट पत्थरी निकालेर नयाँ उपलब्धि हासिल गरिएको उनले बताए । बिरामीकी आमा अम्रावती धोवीले भैरहवामा एक्स-रे गराउँदा छोराको पित्तथैलीमा पत्थरी रहेको पुष्टि भएपछि परासीस्थित पृथ्वीचन्द्र अस्पतालमा सम्पर्क गरी आएको बताइन् । आर्थिक अवस्था कमजोर भएका कारण उपचारकालागि परासी आएको उनले जनाइन् । '

भैरहवा वा बुटवल गएर उपचार गराउन आर्थिक अभाव भएका कारण परासीमै उपचार सम्भव भएपछि यहीँ शल्यक्रिया गरायौँ ।'-उनले भनिन् ।

पृथ्वीचन्द्र अस्पतालमा पछिल्ला दिनहरूमा विशेषज्ञ सेवा क्रमशः थपिँदै गएको र उपचार सेवा प्रभावकारी बन्दै गएको डाक्टर होदाले बताए । हाल अस्पतालको सेवा प्रदेश सरकारद्वारा निर्माण गरिएको सुविधासम्पन्न नयाँ-नयाँ भवनबाट प्रवाह भइरहेको छ ।

नयाँ भवनको औपचारिक उद्घाटन आगामी साउन १० गते शनिबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यबाट गरिने कार्यक्रम तय गरिएको अस्पताल विकार समितिका अध्यक्ष जगदीश चौधरीले जानकारी दिए ।

जिल्लाको ग्रामीण क्षेत्रका नागरिक आर्थिक अभावका कारण औषधि उपचार गर्न बुटवल, भैरहवा वा चितवन जान नसक्ने भएका कारण पनि अस्पतालमा थप सेवाहरु विस्तार गर्दै लग्नु पर्ने माग हुँदै आएको छ ।

## +२ को माइग्रेशन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेशन सर्टिफिकेट यही मिति २०८२।०२।१५ गते अर्घाखाँचीदेखि बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

नाम : सुमित श्रेष्ठ
ठेगाना : छत्रदेव-७, अर्घाखाँची
रजिष्टेशन नं. : ८०५४९०८००९४२
सिम्बोल नं. : २४९१४२२१
सम्पर्क नं. : ९८४९७८३८५९

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

डम्मर वहादुर खड्काको छोरी, तुलसीराम अधिकारीको छोरा बुहारी,खड्क वहादुर अधिकारीको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला,मालिका गाँउपालिका वडा नं.०६ बस्ने पुनि अधिकारीले यस शाखामा बचतखाता नं. २०९१५२४०३०२५३० संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/०८ मा निज खातावाला पुनि अधिकारीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरी नाता पर्ने यमुना अर्यालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक पुनि अधिकारीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स :- ०७९-५२११९४

## लायन डिष्टिलरी प्रा. लि.

सुनवल न.पा. २, नवलपरासी

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यभित्र बिक्री वितरण गर्न आ.ब. ०८२/०८३ को लागि मिति २०८२/०४ /०७ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यू.पि. शक्ति | एम. एल | डिलर मूल्य मू.अ.क. समेत प्रति कार्टून | डिलर कमिशन मू.अ.क. समेत प्रति कार्टून | होलसेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | होलसेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | रिटेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | रिटेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति कार्टून | बोत्तल |
| किसमिस सौफ, जलवा, गोल्डेन कोलालि सोफी, लायन्स किसमिस, LION'S किसमिस सौंफ | ७० | ३०० | १०५०.९० | १६.९५ | १०६७.८५ | १६.९५ | १०८४.८० | २३५.२० | १३२०.०० | ४४.०० |
| ८००० हिमचूली | ७० | ३०० | १२०३.४५ | २८.२५ | १२३१.७० | २८.२५ | १२५९.९५ | ५४०.०५ | १८००.०० | ६०.०० |
| LION'S BOBBY ,जेट , Black Tiger, Wild Tiger | ७० | ३०० | १२७६.९० | ३३.९० | १३१०.८० | ३३.९० | १३४४.७० | ६०५.३० | १९५०.०० | ६५.०० |
| LION'S LOVE , JALPARI EXTRA DRY | ७० | ३०० | ११७५.२० | २८.२५ | १२०३.४५ | २८.२५ | १२३१.७० | ४१८.३० | १६५०.०० | ५५.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

भिम सिंह थापाको नाति, कुलबहादुर थापाको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं.१२ बस्ने धनबहादुर थापाले यस शाखामा बचत खाता नं. २०९१५२४१४०९०८६ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०२/२८ मा निज खातावाला धनबहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको आमा नाता पर्ने सरास्वती थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक धनबहादुर थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स :- ०७९-५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नरसिंह घर्तिको नाति, भक्त बहादुर घर्तिको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं.०२ बस्ने भेष बहादुर घर्ति भन्ने भोग बहादुरले यस शाखामा बचत खाता नं. २०९१५२४०३००१६१ र २०९१५२४०७०१८२८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०४/२४ मा निज खातावाला भेष वहादुर घर्ति भन्ने भोग वहादुरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरानाता पर्ने नरेन्द्र जि.सी.ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक भेष वहादुर घर्ति भन्ने भोग वहादुरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानीदावी कर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुर लाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स :- ०७९-५२११९४

## आवश्यकता

(प्रकाशन मिति :२०८२/०४/०७)

स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई निम्नानुसारका शाखा कार्यालयहरुमा कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका स्थानिय नागरिकहरुबाट आफुले कामगर्न इच्छुक शाखामा दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

| काम गर्ने कार्यालय | पद | संख्या | शैक्षिक योग्यता | उमेर हद | सेवा सुविधा | सेवाको प्रकृती |
|---|---|---|---|---|---|---|
| (१) रुपन्देहीः मणिग्राम, धकधई, फर्साटिकर, हरैया, ठुटिपिपल, कान्छिबजार, बेथरी, रानिबगिया, मझगावा, पर्सा र खैरेनी (२) नवलपरासीः प्रतापपुर, सुनवल, चिसापानी र पटखौली (३)कपिलवस्तु : बनगाई, चन्द्रौटा, पकडी, प्रेमनगर, बहादुरगन्ज, डुमरा र तौलिहवा (४)पाल्पाः गैरीगाउं (५)दाङः मसुरिया, बेला र श्रीगाउं (६) बांके : डिगिया, इन्द्रपुर, पिप्रहवार खजुरा (७) बर्दिया :सोनपुर, खाताबजार, खैरी, गणेशपुर, बांसगढी र रामपुर | केन्द्र अभिकर्ता/ परिचालक | १५ | SLC वा सो सरहको परिक्षा उत्तिर्ण | १८बर्ष पुराभई ४५ बर्ष ननाघेको । | (१)लघुवित्तको अनुभव प्राप्तलाई आधार तलब रु.१४,२६८। र विषेश भत्ता रु.९,५१२। उपलब्ध गराईने र अन्य सुविधा आपसी सहमतीमा तय गरिने । (२)अनुभव नभएकालाई प्रशिक्षार्थी सेवामा कार्यरत कनिष्ठ सहायकले पाउने सुविधा प्रदान गरिने छ । ६ महिना पश्चात कार्य क्षमताको आधारमा माथी (१) नं.मा उल्लेखित सुविधा प्रदान गर्न सकिनेछ । | करार सेवा |

**बिज्ञापन सम्बन्धी थप व्यवस्थाहरु :**

१) शाखा कार्यालयमा प्राप्त निवेदन छानविन गरि ७ दिनभित्र योग्य उम्मेदवारलाई अर्न्तर्वाता परिक्षाका लागि सर्म्पक गरि अर्न्तवार्ता परिक्षा सुरु हुने र आवश्यक संख्यामा कर्मचारी भर्ना पश्चात नियुक्तिप्रकृया बन्द गरिने छ ।
२) माथी उल्लेखित शाखाहरु मध्ये अधिकतम १५ जनासम्म मात्र केन्द्र अभिकर्ता/परिचालक भर्ना गर्ने अधिकार पदपूर्ति समितिमा निहित रहने ।
३) विज्ञापन सम्बन्धमा कुनै विवाद पर्न गएमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार पदपूर्ति समितिमा निहित रहने छ ।
४) परिक्षाको किसिम : अर्न्तवार्ता ।

पदपूर्ति समिति
स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय तिलोत्तमा-५ मणिग्राम, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# गुल्मीमा दुई सय बस्ती बाढी र पहिरोको उच्च जोखिममा

गुल्मी । यहाँ करिब दुई सय बस्ती बाढी पहिरोको उच्च जोखिममा रहेका छन् । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार जिल्लाका २०० जति ठाउँ बाढी र पहिरोको जोखिममा रहेको तथ्याङ्क सार्वजनिक गरेको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लामा वर्षातको समयमा बाढी र पहिरोबाट २२ हजारभन्दा बढी नागरिक प्रभावित हुने अनुमान गरेको छ । त्यसअर्न्तगत मुसिकोट नगरपालिकाका बाढीपहिरोबाट जिल्लामा सबैभन्दा धेरै जोखिम अवस्थामा रहेको बताइएको छ ।

मुसिकोटका १० स्थान बाढी र १६ स्थान पहिरोको जोखिममा रहेका छन् । मुसिकोटको समुन्द्रे, कालिरहलगायत बडिगाड नदी किनार बाढीको जोखिममा छन् भने सिम्ले, तोलादी, दजाकोटलगायतका स्थान पहिरोको जोखिममा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

मुसिकोटमा २०६४ र २०८१ मा गरेर पहिरोबाट दश जनाले ज्यान गुमाएका थिए । त्यसैगरी मालिकाका नौ स्थान बाढीको र अन्य सबै वडा पहिरोको जोखिममा परेका छन् । तीमध्ये पनि १८ स्थानलाई विशेष क्षेत्रका रुपमा राखिएको छ । मालिकामा छल्दीखोला, घमिर खोला, निस्ती र दुनाम खोला किनार बाढीको जोखिममा छन्भने नेटा, म्याला, जुकेना र आठमिरेलगायतका स्थान पहिरोको उच्च जोखिममा रहेका छन् ।

सत्यवती गाउँपालिकामा मुख्य नौ स्थान बाढी र पहिरोको जोखिममा रहेका छन् । बाढीबाट बडिगाड क्षेत्रका उल्लीखोला, साहाघाट, रुद्रवेणी र लुम्दिखोला प्रभावित क्षेत्रका रुपमा रहेका छन् । ठुलोलुम्पेक, चेहेमी, लिम्घा, हँसरा र अस्लेवा पहिरोको जोखिममा रहेका छन् । सत्यवती गाउँपालिकामा २०७६ सालमा पहिरोबाट १३ जनाको ज्यान गएको थियो । तत्कालीन समयमा ३०० बढी परिवार विस्थापित भएका थिए ।

गत वर्ष पहिरोले मालिकाका एकै परिवारका पाँच जनाको ज्यान गएको थियो । विभिन्न वडामा करिब १०० घरपरिवार विस्थापित भएका थिए । छत्रकोट गाउँपालिकाका १४ स्थान बाढी र २५ स्थान पहिरो, इस्माका सात स्थान बाढी र १० स्थान पहिरो, चन्द्रकोटका पाँच स्थान बाढी तथा १० स्थान पहिरो र मदानेका ३० स्थान पहिरोको जोखिममा रहेका छन् ।

समय-समयमा पहिरोले ठूलो मानवीय तथा भौतिक क्षति भए पनि जिल्लामा स्थानीय सरकार र प्रशासनले जोखिम न्यूनीकरणका लागि ठोस योजना बनाउन तथा कार्यान्वयन गर्न सकिरहेको छैन । त्यसका कारण बाढी र पहिरोको जोखिममा रहेका परिवार बर्सातमा ढुक्कले निदाउने अवस्था नरहेको नागरिक समाजका अध्यक्ष पदम पाण्डेयले बताए । उनले बाढी र पहिरोबाट विस्थापितलाई लामो समय राख्ने स्थानीयस्तरमा संरचना नभएको हुँदा जिल्लामा सयौँ परिवार बाढी र पहिरोमा जोखिम मोलेरै बस्नुपर्ने बाध्यता रहेको जनाए । विसं २०७६ मा पहिरोका कारण सत्यवतीको लुम्पेकमा करिब ७०० परिवार पहिरोका कारण विस्थापित बनेर लामो समय विद्यालयमै आश्रय लिएर बस्नुपरेको थियो ।

जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बाढी र पहिरोको जोखिम स्थान पहिचान गरेर सुरक्षा टोलीलाई सतर्कतासहित तैनाथी अवस्थामा राखिएको बताए । जिल्लामा विपद् व्यवस्थापन समितिले हरेक वर्ष विपद् प्रतिकार्य योजनासमेत बनाउँदै आएको छ ।

# वार्षिकोत्सवमा वृहत् वृक्षरोपण कार्यक्रम सम्पन्न



बुटवल । बुटवल अटो इञ्जिनियरिङ्ग एसोसिएसन रुपन्देही-लुम्बिनीको गौरवमय ३०औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको वृहत् वृक्षरोपण कार्यक्रम बुटवल २ मैनाबगरस्थित अटो भिलेज परिसर तथा घाट क्षेत्रमा सम्पन्न भएको छ ।

करिब २ सय वटा बिरुवा रोपिएको उक्त कार्यक्रममार्फत् हरियाली प्रवर्द्धन, सफा वातावरण निर्माण र दिगो विकासको सन्देश दिन खोजिएको हो । कार्यक्रममा एसोसिएसनका सचिव तथा कार्यक्रम संयोजक मनिष पाण्डेले वृक्षरोपण अभियानले आगामी पुस्तालाई स्वच्छ वातावरण सुनिश्चित गर्न सहयोग गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमको प्रमुख आतिथ्य एसोसिएसनका पूर्व अध्यक्ष सन्तोष पाण्डेयले गरेका थिए । उनले अटो क्षेत्रसँग सम्बन्धित व्यवसायीहरू मात्रै होइन, सम्पूर्ण नागरिक वृक्षारोपण जस्ता सचेतनामूलक अभियानमा सक्रिय हुनुपर्ने बताए ।

वृक्षरोपण कार्यक्रममा अध्यक्ष प्रेम गौचन, संरक्षक तथा पूर्व अध्यक्ष बाबुलाल पाण्डेय, उद्योग उपाध्यक्ष ध्रुवराज भुसाल, महासचिव पुनित पोखरेल, कार्यसमिति सदस्य तथा अन्य व्यवसायीहरूको उल्लेखनीय उपस्थिति थियो ।

कार्यक्रमले बुटवल क्षेत्रको वातावरणीय सन्तुलनमा योगदान दिने अपेक्षा गरिएको छ । एसोसिएसनले आगामी दिनहरूमा पनि सामाजिक उत्तरदायित्वअनुरूप यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# रामग्राममा स्मार्ट क्यामेरा जडान



नवलपरासी । पश्चिम नवलपरासीको सदरमुकाम परासीस्थित भुमही-भैरहवा बाइपास सडकमा रामग्राम नगरपालिकाले स्मार्ट क्यामेरा जडान गरेको छ । सवारी दुर्घटना न्यूनीकरण र सवारी साधनको पहिचानका लागि 'अटोमेटिक नम्बर प्लेट रिकग्निसन सिस्टम' (एएनपिआर क्यामरा) जडान गरेको हो ।

सवारी दुर्घटना न्यूनीकरण र सवारी साधनको पहिचानका लागि स्वचालित नम्बर प्लेट पहिचान र सवारीको गतिबारे जानकारी दिने स्मार्ट क्यामेरा जडान गरिएको हो । रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले रामग्राम क्षेत्रमा हुने दुर्घटनामा सवारी साधनको पहिचान गर्न सामान्य क्यामेराबाट कठिन भएकोमा अब प्रहरीलाई अनुसन्धानमा समेत सघाउ पुग्ने र नगरक्षेत्रको शान्ति सुरक्षामा सहयोगी हुने भएकाले क्यामेरा जडान गरिएको बताए ।

नयाँ जडान गरिएको क्यामेराले हरेक सवारी साधनको नम्बर प्लेट स्वतः पहिचान गर्दछ भने सवारी साधनको गति समेत मापन गरी स्वचालित रुपमा अभिलेख राख्ने गर्दछ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वीरदत्त पन्तले यो प्रविधिले प्रहरीलाई अपराध अनुसन्धान र सवारी गति मापनमा सहयोग पुग्ने बताएका छन् । पछिल्लो समय सवारी साधनको नम्बर पहिचान नहुँदा दुर्घटनापछि भागेका सवारी साधन खोजीमा समस्या हुँदै आएकोमा उक्त प्रविधि जडानले सहयोग पुग्ने उनको भनाइ छ ।

जडान गरिएको क्यामेराको निगरानी जिल्ला प्रहरी कार्यालयबाट हुने जनाइएको छ । नगर क्षेत्रका विभिन्न स्थानमा सिसिटिभि क्यामेरा जडानमा सहयोग गर्दै आएको नगरपालिकाले स्मार्ट सिटिको अवधारणाअन्तरगत आधुनिक प्रविधिसहितको क्यामेरा जडान गरेको बताउँदै नगर प्रमुख यादवले आगामी दिनमा प्रविधिको प्रयोगलाई वृद्धि गर्दै लाने बताएका छन् ।

# पूर्वअध्यक्ष पोखरेलको जन्मदिनमा विद्यार्थी सम्मान



सैनामैना । रूपन्देहीको सैनामैनामा रहेको लायन्स क्लब अफ सैनामैना मनमलाका पूर्व अध्यक्ष शिवराज पोखेलको जन्मदिनको अवसरमा एसईई परीक्षा २०८१ मा उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरिएको छ ।

सैनामैना ७ भित्रका तीनवटा विद्यालय सरस्वती माध्यमिक विद्यालय, राष्ट्रिय माध्यमिक विद्यालय र बुद्ध इङ्लिस स्कुलका विद्यार्थीहरूलाई सम्मान गरिएको हो । कार्यक्रममा विद्यार्थीहरूलाई टीका, खादा ,डायरी र कलम सहित सम्मान गरिएको थियो । जन्मदिनको अवसरमा विद्यार्थीहरूका माझमा यस प्रकारको कार्यक्रम गर्न पाउँदा आफू ज्यादै खुसी भएको पूर्व अध्यक्ष एवम् कार्यक्रम संयोजक शिवराज पोखरेलले बताए ।

कार्यक्रममा बोल्दै कार्यक्रमको प्रमुख अतिथि लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ पि नेपालका पि एम जि एफ लायन मीना पन्थीले विद्यार्थीले प्राप्त गरेको अङ्क मात्र सबै कुरा नहुने भन्दै विद्यार्थीलाई जीपीएका आधारमा वर्गीकरण गर्न नहुने बताइन् ।

यस्तै कार्यक्रममा बोल्दै डिस्ट्रिक्ट एडभाइजर एवम् क्लबका संस्थापक अध्यक्ष लायन कृष्णप्रसाद शर्माले विद्यार्थीले प्राप्त गरेको अङ्कले भन्दा विद्यार्थीको अनुशासन र उसले प्राप्त गरेको सिकाइले महत्त्व राख्ने भन्दै कम जीपीए आयो भन्दैमा अत्तिन नहुने बताए ।

राष्ट्रिय माध्यमिक विद्यालयका प्राचार्य ओमप्रकाश पाण्डेले क्लबले गरेको कार्यप्रति धन्यवाद दिँदै यस प्रकारका क्लब सरकारी निकाय र शिक्षा सम्बद्ध अन्य निकायहरू मिलेर शैक्षिक गुणस्तर वृद्धिका लागि लाग्नुपर्ने बताए ।

यस्तै बुद्ध इङ्लिस स्कुलका व्यवस्थापन समिति अध्यक्ष खिमराज पोखेलले आफूहरू सधैँ विद्यार्थीहरूको उन्नयनका पक्षमा रहेको भन्दै विद्यार्थीहरूलाई परेको समस्याका बेला आफूहरू सहयोग र सहकार्यका लागि सधैंभर तयार रहेको बताए ।

कार्यक्रम क्लबका अध्यक्ष जीवन घिमिरेको अध्यक्षता, लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ पि नेपालका पि एम जि एफ लायन मिना पन्थीको प्रमुख आतिथ्यता, लायन्स क्लबका विभिन्न पदाधिकारी, विभिन्न संघसंस्थाका अध्यक्ष एवं पदाधिकारी आदिको आतिथ्यता रहेको थियो ।

कार्यक्रम संयोजक शिवराज पोखरेलको स्वागत एवं क्लबका सचिव ज्ञानप्रसाद पाण्डेको सञ्चालनमा देउवापार दुर्गा मन्दिर परिसरमा कार्यक्रम सम्पन्न भएको हो ।

# नविनमा अभिमुखीकरण



बुटवल । बुटवल देवीनगरस्थित नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालयमा कक्षा ११ को व्यवस्थापन र शिक्षा समूहका नवआगन्तुक विद्यार्थीहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेश शिक्षा निर्देशनालयका निमित्त महानिर्देशक नारायणप्रसाद पोखरेलले अनुशासन, धैर्यता र दीर्घकालीन सोचमार्फत् सफलता हासिल गर्न सकिने बताए । बुटवल बहुमुखी क्याम्पसका प्राध्यापक दिपक ढकालले व्यवस्थापन समूहका अवसरबारे प्रकाश पारे ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयको समग्र अवस्थाका बारेमा जानकारी गराएका थिए भने सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यालयको आचार संहिता २०८२ विद्यालयका नीति नियम बारेमा सहजीकरण गरेका थिए ।

व्यवस्थापन समूह कक्षा १२ की विद्यार्थी सुस्मिता केसीको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक तथा शिक्षा समूह इञ्चार्ज रोमनाथ घिमिरेको स्वागत मन्तव्य रहेको थियो । कार्यक्रममा विद्यालयका सांस्कृतिक संयोजक अर्जुन शाह ठकुरीको नेतृत्वमा कलाकारहरुले नृत्य प्रस्तुत गरेका थिए ।

विद्यालयमा विज्ञान, सिभिल इञ्जिनियरिङ र कानुन समूहलाई पहिलो चरणमा व्यवस्थापन समूहअन्तरगत होटल व्यवस्थापनलाई दोस्रो चरणमा र होटल व्यवस्थापन बाहेक कम्प्युटर, वित्ताशास्त्र, बजारशास्त्र, अर्थशास्त्र विषय अध्ययन गर्ने र शिक्षा समूहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई तेस्रो चरणमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो । f

वद्यालयमा विज्ञान, सिभिल इञ्जिनियरिङ, कानुन र शिक्षा समूहमा करिव १२ सय विद्यार्थीहरु भर्ना भएका छन् । विद्यालयमा हालै मन्टेश्वरीदेखि १२ सम्म ५ हजार विद्यार्थीहरु अध्ययनरत रहेका छ ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

डेंगीबाट बचौं र बचाऔं ।

लक्षण:

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
-वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

'डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।'

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com